नागार्जुन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड (८), काठमाडौं    असोज ६ गते, २०८१ साल    (संख्याः ५)

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०५/१९

## भाग - २

# नागार्जुन नगरपालिका

# निशुल्क स्वास्थ्य बीमा संचालन सम्बन्धी कार्यविधि-२०८१

**प्रस्तावनाः-**

नेपालको संविधानको धारा ३५ मा आधारभुत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको सन्दर्भमा आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क र सामाजिक सुरक्षाको हक प्रदान गर्ने संवैधानिक व्यवस्था तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी सबैका लागि स्वास्थ्य बीमा वाट स्वास्थ्य सेवा सुनिश्चित गरिने राष्ट्रिय स्वास्थ्य बीमा नीति अनुरुप नगरपालिका क्षेत्र भित्र रहेका नागरिकका लागि स्वास्थ्य बीमा गर्ने यस नागार्जुन नगरपालिका काठमाण्डौले आ.व. २०८१।२०८२ को नीति तथा कार्यक्रम मार्फत नागार्जुन नगरपालिकामा स्थायी बसोबास गर्ने नागरिकहरु तथा नागार्जुन नगर अस्पतालका कर्मचारीहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिदिने कार्यलाई ब्यबस्थित गर्नका लागि प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम **"नागार्जुन नगरपालिकाले निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि २०८१"** बनाई लागु गरिएको छ।

## परिच्छेद — १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नामः-**

१. यो कार्यविधिको नाम **"निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि-२०८१"** रहने छ ।

**२. प्रारम्भः-**

१. यो कार्यविधि नागार्जुन नगरकार्यपालिकाद्वारा स्वीकृत भएको मितिबाट लागू हुने छ।

**३. परिभाषा र व्याख्याः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "प्रमुख" भन्नाले नागार्जुन नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

ख. "उपप्रमुख" भन्नाले नागार्जुन नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नागार्जुन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

घ. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।

ङ. "कार्यविधि" भन्नाले निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि २०८१ सम्झनु पर्दछ ।

च. "समिति" भन्नाले दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

छ. "स्वास्थ्य बीमा" भन्नाले नेपाल सरकारले जारी गरेको स्वास्थ्य बीमा ऐन २०७४ बमोजिम भएका व्यवस्थालाई सम्झनु पर्दछ।

ज. "स्वास्थ्य बीमा दर्ता सहयोगी" भन्नाले नेपाल स्वास्थ्य बीमा बोर्डको नियम अनुसार प्रत्येक वडा कार्यालयबाट नियुक्ति भएका नागार्जुन नगरपालिका अन्तर्गतका वडा तहमा कार्यरत स्वास्थ्य बीमा दर्ता सहयोगी सम्झनु पर्दछ ।

झ. "विमित" भन्नाले स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गर्ने परिवारलाई सम्झनु पर्दछ ।

ञ. "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्डलाई सम्झनु पर्दछ ।

ट. "कार्यपालिका" भन्नाले नागार्जुन नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

ठ. "वडाअध्यक्ष" भन्नाले नागार्जुन नगरपालिकाको सबै वडाका वडा अध्यक्षलाई सम्झनु पर्दछ।

ड. "नगरपालिका" भन्नाले नागार्जुन नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ढ. "कर्मचारी" भन्नाले नागार्जुन नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारी/स्वास्थ्यकर्मी, स्थायी, करार, ज्यालादारी कर्मचारी समेत लाई सम्झनु पर्दछ ।

ण. "लाभग्राही" भन्नाले नागार्जुन नगरपालिका भित्र स्थायी बसोबास गर्ने सम्पूर्ण नागरिक तथा नागार्जुन नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी सम्झनु पर्दछ ।

त. "बीमा संचालन तथा समन्वय समिति" भन्नाले लाभग्राही समूहलाई उपलब्ध हुने स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नागार्जुन नगरपालिकाका नगर प्रमुखको संयोजकत्वमा गठन भएको निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१ संचालन तथा समन्वय समितिलाई सम्झनु पर्दछ ।

थ. "वडास्तरीय स्वास्थ्य बीमा समिति" भन्नाले लाभग्राही समूहलाई उपलब्ध हुने स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न गठन हुने वडास्तरीय स्वास्थ्य बीमा समिति सम्झनु पर्दछ ।

## परिच्छेद -२

## प्राथमिकताको क्षेत्र तथा अवधि

**४. कार्यक्रम लागु हुने प्राथमिकताको क्षेत्र तथा अवधिः-**

(१) नागार्जुन नगरपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकहरु तथा नगरपालिका मातहत कार्यरत सम्पूर्ण कर्मचारीहरु लाभग्राही हुनेछन र नागार्जुन नगरपालिका सेवा क्षेत्र हुनेछ ।

(२) यो कार्यक्रम नागार्जुन नगरपालिकाको क्षेत्रभर आ.व.२०८१/८२ मा लागु हुनेछ। साथै कार्यक्रमलाई निरन्तरता दिएको खण्डमा सोही आ.व. को लागि लागु हुनेछ ।

## ५. <u>निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमको लागी लाभग्राहीहरुको छनौट सम्बन्धी मापदण्डः-</u>

(१) निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमको लाभग्राही हुनको लागि परिच्छेद १ को दफा (३) (त) र दफा (३) (ण) अनुसार हुनुपर्नेछ।

## ६. <u>निःशुल्क स्वास्थ्य बीमा सहायता सम्बन्धी मापदण्ड</u>

(१) बीमा शुल्क सम्बन्धी विवरण नेपाल सरकार स्वास्थ्य वीमा बोर्डले तोकेको मापदण्ड बमोजिम हुन्छ।

(२) सुविधा पाउन योग्य लाभग्राहीहरुको लागि नेपाल सरकार स्वास्थ्य वीमा बोर्डले तोके बमोजिमको प्रमियम शुल्क नगरपालिकाले भुक्तानी गरिदिनेछ।
**स्पष्टीकरणः** योग्य लाभग्राही भन्नाले सबै प्रकारको कर दायित्व फरफारक गरेको र यस कार्यविधि बमोजिम अयोग्य नरहेको व्यक्ति सम्झनुपर्दछ।

(३) यस कार्यविधि अनुसार प्रथम सेवा विन्दु नागार्जुन नगर अस्पताल नै कायम गरिनेछ।

(४) नगरपालिका अन्तर्गतका सम्पूर्ण स्थायी बासिन्दाहरुलाई निःशुल्क स्वास्थ्य वीमा गराइने छ।

(५) वडामा कार्यरत स्वास्थ्य बीमा दर्ता सहयोगी मार्फत बीमा गराउने कार्य गरिने छ ।

## ७. <u>निशुल्क स्वास्थ्य बीमाको लागी वडा कार्यालयमा निवेदन प्रक्रियाः-</u>

(१) तोकिएको लाभग्राही वर्गलाई नगरपालिका मार्फत निःशुल्क बीमा गर्न चाहनेहरुका लागि निबेदन पेश गर्न सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) लाभग्राही वर्गका व्याक्तिहरुले अनुसुची १ बमोजिम निर्धारित ढाँचामा आवेदन दिनुपर्ने छ ।

(३) निबेदकले आफ्नो परिचय खुल्ने कागजात सहित निवेदन पेश गर्नुपर्ने छ ।

(४) नगर बासीहरुको हकमा नेपाली नागरिकताको प्रमाण पत्र/बसाईसराई/ मतदाता परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(५) चालु आ.व. सम्मको सम्पत्ति कर तथा मलपोत कर चुक्ता प्रमाण पत्र प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(६) घर वहालमा दिएको भए सम्झौता तथा घरवहाल कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) घरमा कुनै व्यवसाय सञ्चालनमा रहे/नरहेको खुलाउने र रहेको अवस्थामा दर्ता तथा नवीकरण अद्यावधिक रहेको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

(८) नगरपालिकाको जनप्रतिनिधिको हकमा जनप्रतिनिधि परिचय पत्र वा निर्वाचित प्रमाणपत्र र कर्मचारीको हकमा कर्मचारी परिचय पत्रको प्रतिलिपी तथा कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

(९) मासिक समिक्षामा सबै कागजातहरु अभिलेखहरु फाइलिङ गर्नु पर्नेछ ।

(१०) बीमा को समयाबधि १ बर्षको हुनेछ।१ बर्ष पछि कार्यक्रम निरन्तरता भएमा पुनः नविकरण गर्न पहिलो पटक अपनाइएका प्रकृया पूरा गर्नु पर्ने छ।

**८. <u>अनलाईनबाट निवेदन संकलन गर्न सकिनेः-</u>**

(१) यस कार्यविधि अनुसार कार्यक्रममा सहभागी हुन अनलाईनको माध्यमबाट समेत निवेदन संकलन गर्न सकिनेछ ।

(२) अनलाईन माध्यमबाट प्राप्त निवेदनहरु समेत वडा कार्यालय तथा स्वास्थ्य शाखाबाट प्रमाणीकरण गरी सेवा प्रवाह गर्न सकिनेछ ।

## परिच्छेद -३

## स्वास्थ्य वीमा कार्यक्रम संचालन तथा समन्वय समिति

**९. <u>निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम संचालन तथा समन्वय समितिः-</u>**

(१) नागार्जुन नगरपालिकाका प्रमुखको संयोजकत्वमा देहाय बमोजिमका सदस्य रहने गरी एक समिति रहनेछ ।

क) नगर प्रमुख -संयोजक

ख) उपप्रमुख -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) सेवा प्रदायक संस्था प्रमुख -सदस्य

ङ) नगर अस्पताल स्वास्थ्य बीमा कार्यक्रमको संयोजक -सदस्य

च) सामाजिक विकास समिति संयोजक - सदस्य

छ) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिब

यस समितिमा आवश्यकता अनुसार अन्य विज्ञ सदस्यहरुलाई आमन्त्रण समेत गर्न सकिने छ।

**१०. <u>निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम संचालन तथा समन्वय समितिको काम, कर्तव्य र भुमिकाः-</u>**

(१) निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमको समिक्षा तथा अनुगमन गर्ने ।

(२) आवश्यक बजेटको व्यवस्था गर्ने।

(३) आवश्यकता अनुसार निःशुल्क स्वास्थ्य बीमा कार्यविधि संशोधनका लागि सिफारिस गर्ने ।

**११. <u>वडा स्तरीय निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम संचालन तथा समन्वय समितिः-</u>**

(१) वडास्तरीय लाभग्राहीको सिफारीस गर्न देहाय अनुसार समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| क) | वडाअध्यक्ष | -संयोजक |
| ख) | स्वास्थ्य संस्था प्रमुख | -सदस्य १ जना |
| ग) | म.स्वा.स्व.सेविका | -सदस्य १ जना |
| घ) | दर्ता सहयोगी | -सदस्य १ जना |
| ङ) | वडा सदस्यहरु मध्य | -सदस्य १जना |
| च) | वडा सचिव | -सदस्य सचिव |

१२. **<u>वडा स्तरीय निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम संचालन तथा समन्वय समितिको काम कर्तव्य र भुमिकाः-</u>**

(१) वडाभित्र संकलन भएका बीमा आवेदनहरु रितपूर्वक भए नभएको एकीन गरी सो विवरण प्रमाणित गर्ने

(२) दर्ता सहयोगी कर्मचारी मार्फत बीमा प्रक्रिया प्रारम्भ गर्न आवश्यक प्रबन्ध मिलाउने ।

## परिच्छेद -४

## <u>अनुगमन तथा मूल्याङ्कन</u>

१३. **<u>निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कनः-</u>**

**अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिमको समितिले गर्न सक्नेछ।**

(१) निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम संचालन तथा समन्वय समिति

(२) नगर स्तरीय अनुगमन समिति

(३) स्वास्थ्य शाखा

**आन्तरिक लेखापरिक्षण**

(१) आन्तरिक लेखापरिक्षण तथा गुणस्तर आश्वस्तता स्वास्थ्य शाखा र आ.ले.प. शाखाबाट हुनेछ ।

**१४. बैठक, समिक्षा तथा पृष्ठपोषणः-**

(१) आवश्यकता अनुसार मासिक तथा अर्धबार्षिक बैठक बसी प्रगति समिक्षा गर्नुपर्नेछ।

(२) आर्थिक बर्षको अन्तिममा निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमको समीक्षा तथा पृष्ठपोषण गर्नु पर्ने छ।

**१५. बिबिधः**

(१) यस कार्यविधि अनुसार लाभग्राही वर्गका व्यक्तिहरुको स्वास्थ्य बीमा ऐन अनुसार स्वीकृत स्वास्थ्य संस्थाहरुमा बीमा गरिने र बीमा गराए बापतको व्यक्तिले तिर्नुपर्ने रकमको हकमा सम्बन्धित एजेन्ट (स्वास्थ्य बीमा बोर्ड) विच सम्झौता गरी नगरपालिकाबाट भुक्तानी गरिने छ।

(२) यस कार्यविधि कार्यन्वयनको क्रममा थप व्यवस्था गर्न परेमा यस कार्यविधि तथा प्रचलित कानूनसंग नबाझिने गरी नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

**आज्ञाले,**
**शिव प्रसाद रिजाल**
**प्रमुख प्रशासकीय अधिकृत**

<u>अनुसूची - १</u>

**(कार्यविधिको दफा ९ संग सम्बन्धित बीमा लाभग्राही आवेदन फारम)**

श्रीमान् वडा अध्यक्ष ज्यू

................नं वडा कार्यालय

नागार्जुन नगरपालिका, काठमाण्डौ ।

**बिषय : <u>निःशुल्क स्वास्थ्य बिमा गरी पाउँ भन्ने सम्बन्धमा ।</u>**

नागार्जुन नगर कार्यपालिकाको कार्यालयले सञ्चालन गर्न लागेको स्वास्थ्य बीमा कार्यक्रम मार्फत बीमा लाभग्राही हुनका लागि आफूलाई योग्य ठानी यो आवेदन पेश गरेको छु। आवश्यक पर्ने कागजात प्रमाणहरु यसैसाथ संलग्न छन्, विवरण सहि सत्य छन् झुट्टा ठहरे कानून वमोजिग सहुँला बुझाउँला ।

<u>आवेदक</u>

नाम थरः.................................................

उमेरः.................................................

स्थायी ठेगाना :...........................

<u>सहि छाप</u>

टोल : ......................

| दायाँ | बायाँ |
|---|---|
| | |

वडा नं....................

राष्ट्रीय परिचय पत्र नम्बरः...............................

सम्पर्क नम्बरः

**प्रथम सेवा विन्दुः** नागार्जुन नगर अस्पताल

## बीमा सेवाग्राही सदस्यहरुको नामावली

| क्र.सं. | वीमित परिवार सदस्यहरूको पूरा नाम थर | उमेर | आवेदकसँगको नाता |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**संलग्न कागजातः**

१. आवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपी।

२. विवाह गरी आएको भए विवाह दर्ताको प्रमाणपत्र।

३. स्थायी ठेगाना खुल्ने कागजात (नागरिकतामा स्थायी ठेगाना हालको भन्दा अन्य भए)।

४. मतदाता परिचयपत्र फोटोकपी ।

५. जन्मदर्ता प्रमाणपत्र (बालबालिकाको हकमा)।

६. बसाई सरी आएको भए सो को प्रमाणपत्र।

७. सम्पति कर तथा भूमिकर (नगरपालिकालाई बुझाउन पर्ने सम्पूर्ण कर) बुझाएको प्रमाण।

**कर तिरेको प्रमाण सम्बन्धी विवरणः-**

१. नक्सा पास/अभिलेखीकरण

| सि.नं | छ/छैन | चलानी नं/घर जग्गा धनीको नाम/नक्सा पास अनुमतिपत्र | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

२. सम्पत्ती कर (पछिल्लो पटक सम्पत्ती कर तिर्दा उपलब्ध गराईएको रशिद अनुसारको विवरण)

| सि.नं | तिरेको छ/छैन | रसिद नं | मिति | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

३. घर बहाल कर (पछिल्लो पटक घर बहाल कर तिर्दा उपलब्ध गराईएको रसिद अनुसारको विवरण)

| सि.नं | घर बहालमा लगाएको विवरण | | रसिद नं | मिति | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | जम्मा कोठा संख्या | व्यवसाय संचालन भएको भए सोको नाम | | | | |
| १ | | | | | | |
| २ | | | | | | |

४. व्यवसाय कर (पछिल्लो पटक व्यवसाय कर तिर्दा उपलब्ध गराईएको रसिद अनुसारको विवरण)

| सि.नं | तिरेको छ/छैन | रसिद नं | मिति | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

५. मोहीयानी जग्गाको हकमाः

- घर निर्माणको स्वीकृति र पछिल्लो पटक घरको कर तिरेको रसिद
- मोहीको अस्थायी निस्सा वा साविक फिल्डबुकमा मोहीको नाम खुलेको प्रमाण/वडाको घर प्रमाणित निस्सा

**कार्यालय प्रयोजनको लागि**

**उल्लेखित विवरण ठीक हो भनी प्रमाणित गर्नेः**

| | |
|---|---|
| नामः | नामः |
| पदः वडा सचिव | पदः वडा अध्यक्ष |
| दस्तखतः | दस्तखतः |
| मितिः | |

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू. १०/-

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू. १०/-